**SP Swag: Sudur Pashchim Wisdom of Academic Gentry Journal**
Vol. 2, Issue 1, 2025. pp. 75–81
Research Article
DOI: https://doi.org/10.69476/sdpr.2025.v02i01.009

# निमावीय नाटकमा विज्ञानपरकता

**ज्ञानबहादुर भुजेल**
उपप्राध्यापक, वी.पी. कोइराला संस्कृत विद्यापीठ

**Article Info .**

***Email***
bhujelgyanu99@gmail.com

***Article History***
Received: 2025, August 11
Accepted: 2025, October 15

***Cite***
Bhujel, G . B . (2025) . निमावीय नाटकमा विज्ञानपरकता. *SP Swag: Sudur Pashchim Wisdom of Academic Gentry Journal*, *2*(1), 75–81. https://doi.org/10.69476/sdpr.2025.v02i01.009

## लेखसार

प्रस्तुत लेखमा नाटककार सरुभक्त श्रेष्ठद्वारा रचित निमावीय नाटकलाई विज्ञानपरकताको आधारमा विश्लेषण गरिएको छ। विज्ञानपरकता वैज्ञानिक तथ्यमा आधारित भएर रचना गरिएको समालोचना हो। विज्ञानपरकतालाई विश्लेषण गर्ने अनेक उपकरणहरू मध्ये यस लेखमा विषय वस्तुका तहमा विज्ञानपरकता, पात्रका तहमा विज्ञानपरकता, परिवेशका तहमा विज्ञानपरकता र रङ्गमञ्चका तहमा विज्ञानपरकतालाई मात्र मुख्य आधार बनाइएको छ। निमावीय वैज्ञानिक विषय वस्तुमा आधारित एक उत्कृष्ट नाटक हो। विज्ञानको आविष्कारले मानिसमाथि हुने ठुलो सङ्कटलाई टार्न सक्छ। अन्तरिक्षका अनेक पिण्डहरूमा मान्छे जतिकै अरू प्राणी हुन सक्ने भएकाले र तिनीहरूले हाम्रो धरतीमाथि पनि आक्रमण गर्न सक्छन् भन्ने कल्पना यहाँ प्रस्तुत गरिएको छ। विज्ञान प्रयोग शालामा मात्र सीमित नभई मानव जीवनका विविध पक्षसँग जोडिनु पर्छ। एकातिर वैज्ञानिकहरू यन्त्रको दास बनेर घर परिवार तथा सामाजिक संसारलाई बिर्सदै गइरहेका छन् भने अर्कोतर्फ मानव सभ्यता यान्त्रिक तथा वैज्ञानिक सभ्यताबाट सुखी र सन्तष्टि हुन सक्दैनन् भन्ने कुरालाई देखाइएको पाइन्छ। विज्ञान मानव विवेकले नियन्त्रित बन्नुपर्छ भने विज्ञानका चामत्कारिक आविष्कारहरू मानव हितका निम्ति हुनुपर्छ । विज्ञानले संसारमा स्थापित गरेको अनौठो दुनियाँ प्रस्तुत गरिएको यस नाटकमा सबैले आपसमा प्रेम, मेल र शान्तिको कामना गरेमा मात्र मानवको कल्याण हुन्छ भन्ने कुरा देखाइएको छ। त्यसैले आजका मानिसहरू भूमण्डलमा मात्र सीमित नभई अन्तरिक्षमा समेत वेधशाला निर्माण गरी वैज्ञानिक अनुसन्धानलाई अगाडि बढाउन सक्छन् भन्ने कुरा देखाउनु नै यस नाटकको कन्द्रीय पक्ष हो।

*मुख्य शब्दावली* : अन्तरिक्ष, अन्वेषण, भूमण्डल, यन्त्र, स्वैरकल्पना

## विषय परिचय

सरुभक्त श्रेष्ठ (२०१३) नेपाली भाषा र साहित्यका एक कुशल स्रष्टा हुन् । उनले नेपाली साहित्यको क्षेत्रलाई महत्त्वपूर्ण योगदान दिएका छन् । उनी मूलत प्रयोगवादी धाराका सशक्त नाटककार हुन् । विज्ञानको आविष्कारलाई मुख्य विषयवस्तु बनाएर उनले नाटक रचना गरेका छन् । त्यसैले उनी विज्ञान नाटकका प्रवर्तक हुन् । परम्परागत नाट्य लेखनलाई तिलाञ्जली दिँदै नव आयामका विविध रुपहरूलाई अवलम्बन गरी नाटक लेख्नु उनको प्रमुख विशेषता हो । उनले विषयवस्तु, पात्रचयन, संवाद र मञ्चनमा नयाँपन दिएर विज्ञान नाटक लेखेका छन्। स्वदेश, विदेश तथा अन्तरिक्ष लोकसम्मको परिवेश सृजना गर्दै द्वन्द्व, रोचक कौतुहलता, सूक्ष्म कथानक तथा सङ्क्षिप्त संवादको सफल आयोजना गरी नाटक लेख्न सक्नु उनको खुबी हो ।


*Copyright (c) 2025: Author(s). Published by Sudur Paschimanchal Campus (SPC), Kailali, Nepal*

धर्म, समाज, मिथक र विज्ञानजस्ता विविध विषयलाई समेटेर नाटक लेखेका हुनाले उनका नाटकमा विषयवस्तुको विविधता पाइन्छ।

निमावीय पूर्णतया विज्ञान नाटक भएकाले यसमा वैज्ञानिक उन्नतिका कारण यान्त्रिक बन्दै गएको विश्व मानव जीवनलाई यथार्थ रुपमा प्रस्तुत गरिएको छ। आजका मानिसहरू वैज्ञानिक उन्नति गर्दै धरतीलाई बेवास्ता गरी अन्तरिक्षको खोज तथा अन्वेषणमा व्यस्त रहेको कुरालाई देखाउनु यस नाटकको मुख्य उद्देश्य हो। विज्ञानको बढ्दो उन्नतिले मानवीय अस्तित्व दिनप्रतिदिन जोखिमपूर्ण बन्दै गइरहेको छ। यसले आउने दिनमा पृथ्वीवासी र मानव जीवनलाई सङ्कट उत्पन्न गराउन सक्छ। त्यसैले वैज्ञानिक उन्नति र प्रगतिहरू समग्र मानव जातिको हितमा हुनुपर्छ भन्ने विचार यस नाटकमा प्रस्तुत गरिएको पाइन्छ। यस नाटकको कथावस्तु स्वैरकल्पनामा आधारित भए तापनि विज्ञानले मानव जीवनमा पारेको प्रभावसँग सम्बन्धित रहेको छ। यसको कथ्य वैज्ञानिक स्वैरकल्पनामा आधारित हुँदा हुँदै पनि नाट्यशिल्प चाहिँ नवआगन्तुक रङ्गमञ्च अनुरुप पाइन्छ। निमावीय नाटक विज्ञानपरकताका दृष्टिकोणले उत्कृष्ट मानिन्छ। यसको विषय वस्तु, पात्र, परिवेश र रङ्गमञ्चमा अन्तरिक्ष तहका कुराहरु प्रयोग भएका छन्। निमावीय नाटकको विषयवस्तु स्वैरकल्पनामा आधारित शूयोग पाइन्छ। आजको मान्छे भूमण्डलमा मात्र सीमित नभई सुदूर अन्तरिक्षमा वेधशाला निर्माण गरी वैज्ञानिक अनुसन्धानलाई अगाडि बढाउन सक्षम भएका छन् भन्ने सन्देश प्रवाह गर्नु नै यस नाटकको मुख्य अभिप्राय हो (आचार्य, २०६६ : १७३)। यो विज्ञान नाटक भएकाले वैज्ञानिक परिवेशमा विज्ञानका उपलब्धि र ठोस प्राप्तिलाई यसले मूल कथ्य बनाएको छ। आजको युग विज्ञानको युग हो। मानव जातिमाथि भएका सङ्कट टार्न मानिसले बलिदान गर्नु पर्दैन किनभने विज्ञानको आविष्कारले मानिसमाथि आइपरेका ठुला सङ्कट टार्ने क्षमता राख्छ भन्ने विचार यहाँ व्यक्त गरएको छ।। यस नाटकको रङ्गमञ्च विधानमा पात्र चयनमा र परिवेशमा पूर्ण रुपले विज्ञान परकता पाइन्छ। नाटकको रङ्गमञ्च अन्तर्गत सुदूर अन्तरिक्षमा स्थायी ॐ वेधशाला र त्यसको पृष्ठप्रदेशमा ताराहरूको नदी रहेको छ। त्यो ॐ वेधशालामा क, ख, ग, घ, चारवटा कोठाहरू छन्। त्यसमा कोठा 'क', 'ग' आलोकरहित, कोठा 'घ' कार्यकक्ष र कोठा 'ख' वैठककक्ष हुन्। त्यसै गरी डा. अल्फा, बिटा, ओमेगा तथा निमा १, २, ३ र ४ पात्रका रुपमा उपस्थित भएका छन्। यन्त्रहरूलाई मानवका रुपमा प्रयोग गरेर अन्तरिक्षको ॐ वेधशालामा डा. अल्फाको परिवार बसेको देखाइएको छ। डा. अल्फा खोगोलशास्त्री, बिटा अल्फाकी श्रीमती, ओमेगा अल्फा र बिटाकी छोरी तथा निमा, १, २, ३ र ४ मानव निर्मित मानव वा रोवर्टहरू हुन्। त्यसैगरी भौतिक जगत्को झल्को दिने शून्यलोकको परिवेश यसमा देखाइएको छ। त्यस परिवेशमा अन्धकारमय अन्तरिक्षको ॐ वेधशाला ताराहरुको नदी वा म्यागलेनिकल देखा पर्छन्। नाटकको सबै घटनाहरू त्यही अन्तरिक्षका चार कोठाहरूमा घटित भएका छन्। वैज्ञानिक खोज, यन्त्रवत् मानव जीवन र मानव निर्मित निमाहरू विभिन्न काममा सक्रिय भएको परिवेश प्रस्तुत गरिएको छ। दृश्य परिवर्तन हुँदा रङ्गमञ्च परिवर्तन नभई प्रकाश व्यवस्थामा मात्र परिवर्तन आउँछ। रङ्गमञ्चमा टेलिभिजनका दृश्यहरू देखाउनु र टेलिफोनलाई वाचाल तुल्याउनु जस्ता प्रयोगहरू यस नाटकका रङ्गमञ्चीय विशिष्ट प्रयोग मानिन्छ। यो नाटक नवआधुनिक प्रवृत्तिको भए तापनि यसमा चिन्तन जति प्रबल छ घटनाहरूको रेखीय ढाँचा पनि त्यतिकै प्रबल छ। यो नाटक विज्ञानपरकतामा आधारित भएकाले यसको मूल उद्देश्य नै वैज्ञानिक उन्नति र प्रगतिका कारण यान्त्रिक बन्दै गएको विश्वमानव जीवनको चित्र प्रस्तुत गर्नु हो। यस नाटकले नाटकको शास्त्रीय विधा सिद्धान्तलाई भत्काएर विषयवस्तु, पात्रयोजना, परिवेश र रङ्गमञ्चका तहमा विज्ञानपरकतालाई पूर्णरुपले अवलम्बन गरेको छ। त्यसैले यिनै विभिन्न आयामलाई आत्मसात् गर्दै विज्ञानपरकताको नजरमा निमावीय नाटकको विश्लेषण गर्ने प्रयास यस लेखनमा गरिएको छ।

## समस्याकथन

निमावीय नाटकमा भूमण्डल भन्दा बाहिर तथा अन्तरिक्षको परिवेशलाई मुख्य विषय वस्तु बनाइएको छ। विज्ञानको प्रयोग मानव हितमा हुनुपर्छ। आजको युग विज्ञान र प्रविधिको युग भएकाले मानिसहरू भूमण्डलमा मात्र सीमित नभई अन्तरिक्षमा वेधशाला निर्माण गरी वैज्ञानिक अनुसन्धान अगाडि बढाउन सक्छन् भन्ने कुरालाई मार्मिक रुपले चित्रण गरिएको छ। निमावीय नाटकमा विज्ञानपरकता शीर्षकको यस लेखमा खासगरी विज्ञानपरकताको पहिचान कसरी गर्न सकिन्छ भन्ने कुरालाई मुख्य समस्या बनाइएको

छ। उक्त समस्यालाई तलको प्रश्नबाट थप स्पष्ट पारिएको छ।

क) निमावीय नाटकमा विज्ञानपरकता कसरी प्रयोग गरिएको छ ?

## अध्ययनको उद्देश्य

प्रस्तुत लेख नाटककार सरुभक्त श्रेष्ठद्वारा रचित निमावीय नाटकमामा विज्ञानपरकताको पहिचान गर्ने विषयसँग केन्ऽित रहेको छ। नाटकमा विज्ञानपरकताका अनेक आयाहरू भए तापनि यसमा विषय वस्तुका तहमा विज्ञानपरकता, पात्रका तहमा विज्ञानपरकता, परिवेशका तहमा विज्ञानपरकता र रङ्गमञ्चका तहमा विज्ञानपरकतालाई मात्र चर्चा गरिएको छ। अत : निमावीय नाटकमा विज्ञानपरकताको खोजी कसरी गर्न सकिन्छ भन्ने प्राज्ञिक जिज्ञासाको निरूपण गर्ने कार्यलाई नै यस अध्ययनको मुख्य उद्देश्य बनाइएको छ । उक्त उद्देश्यलाई तलको बुँदाबाट थप स्पष्ट पार्न सकिन्छ।

क) निमावीय नाटकमा विज्ञानपरकताको पहिचान गर्ने,

## अध्ययन विधि

कुनै पनि अनुसन्धान कार्य गर्दा अध्ययन विधि अन्तर्गत सामग्री सङ्कलन विधि अनिवार्य रूपमा पर्दछ । यस लेखका निम्ति पुस्तकालयीय स्रोतबाट प्राथमिक र द्वितीयक सामग्रीको सङ्कलन गरिएको छ । यस क्रममा प्राथमिक स्रोत सामग्रीको रूपमा सरुभक्त श्रेष्ठद्वारा रचित निमावीय नाटक र द्वितीयक सामग्रीको रुपमा विज्ञानपरकता सिद्धान्त सम्बन्धि रचना तथा प्रकाशन भएका पुस्तकहरूलाई प्रयोग गरिएको छ। अध्ययनलाई सार्थक बनाउन विवेच्य कृतिको विश्लेषणका सन्दर्भमा विज्ञानपरकताको सैद्धान्तिक मान्यतामा आधारित भएर निगमनात्मक विधिको प्रयोग गरिएको छ।

## अध्ययनको सीमाङ्कन

नाटककार सरुभक्त श्रेष्ठद्वारा रचित निमावीय नाटकलाई विज्ञान साहित्य समालोचनामा प्रचलित विभिन्न सिद्धान्तहरुको प्रयोग गरी अध्ययन विश्लेषण गर्न सकिन्छ । प्रस्तुत अध्ययन विज्ञानपरकाता साहित्य सिद्धान्तसँग सम्बन्धित छ । विज्ञानपरकता पद्धतिले अँगालेका कृति विश्लेषणका विभिन्न आयामहरू मध्ये यस लेखमा विषय वस्तुका तहमा विज्ञानपरकता, पात्रका तहमा विज्ञानपरकता, परिवेशका तहमा विज्ञानपरकता र रङ्गमञ्चका तहमा विज्ञानपरकतमा मात्र केन्ऽित भएर निमावीय नाटकको अध्ययन विश्लेषण गर्नु नै यस लेखको सीमा हो।

## सैद्धान्तिक पर्याधार

वैज्ञानिक तथ्यमा आधारित परिकल्पना प्रयोग गरिएको नाटक विज्ञान नाटक हो । यसले समकालीन वैज्ञानिक उन्नति, ज्ञान र काल्पनिक यात्राको विवृति प्रस्तुत गर्दछ, जसमा अद्भूत भूमि, अन्तरिक्ष तथा समय र आयामका नयाँ स्वरुप पाइन्छन् (एटम, २०६७ : १३९)। नेपाली साहित्यमा वैज्ञानिक पद्धति अनुरुप विज्ञान र प्रविधिको प्रयोग गर्दै अनेक अनुमान र अड्कलको कल्पना गरी रचना गरिएको साहित्यलाई नै विज्ञानपरकता भनिन्छ। विज्ञान र प्रविधिको उपलब्धिमा नै यो केन्ि त हुन्छ। विज्ञानपरकता नाटकमा नेपाली नाट्य सिद्धान्तले माग गरे अनुसारको विषयवस्तु, पात्र, परिवेश र रङ्मञ्चको प्रयोग हुँदैन। यी सबै कुराहरू विज्ञान जगतसित सम्बन्धित मात्र हुन्छन्। यस्ता नाटकहरूमा सामाजिक, नैतिक, रानीतिक र मानवीय मूल्यलाई मान्यता दिइएको हुँदैन । विज्ञानका विभिन्न आयामहरु भौतिक शास्त्र, जीव शास्त्र र रसायन शास्त्रलाई आधार मानेर विज्ञानपरकता नाटकहरु रचना भएका हुन्छन्। विज्ञानपरकता नाटकले साहित्यका प्रचलित र स्थापित नाट्यमूल्य भन्दा भिन्न ढङ्गको अभिलक्षण अपेक्षा गर्दछ। जुन समाजबाट आख्यानको वस्तु टिपिएको हो सोही अनुरुपको नाट्य योजना नाटकमा गरिएको हन्छ। परम्परागत नाटकले माग गर्ने किसिमको पौराणिक विषयवस्तु तथा उत्पाद्य वा मिश्रित प्रकृतिको आख्यान नहुनु, धीरोदात्त, धीरोदत्त, धीरप्रशान्त किसिमको नायक तथा त्यसका गुण अवगुणका आधारमा भेद निर्धारण गर्न नमिल्नु, नायिकाको चयन असम्भव जस्तै हुनु र दिक्कालका तहमा यथार्थिक जीवनको प्रतिबिम्बिन प्राप्त नहुनु नै विज्ञानपरकताको मुख्य अभिलक्षण हो (ढकाल, २०७० : १७)। विज्ञानपरकताले भूमण्डल भन्दा बाहिर तथा अन्तरिक्षका विविध पक्षलाई मुख्य विषयवस्तु बनाउँछ भने प्रयोगशीलतालाई विशेष महत्त्व दिएको हुन्छ । परम्परागत नाटकले अवलम्वन गर्ने प्रकारको परिवेशको तहमा मानवीय जीवनको यथार्थ चित्रण नहुनु नै यसको मूल चिनारी हो।

### विषय वस्तुका तहमा विज्ञानपरकता

यस नाटकमा वैज्ञानिक आविष्कारले मानिसको जीवन यान्त्रिक बन्दै गएको कल्पना विषय वस्तुका रुपमा

आएको छ। पृथ्वी लोक भन्दा बाहिर तथा अन्तरिक्षको ॐ वेधशालाको प्रकोष्ठ क, ख, ग, घ मा नाटकको रङ्गमञ्च सुरु भएको छ। यी चारवटा प्रकोष्ठ मध्ये ख वैठक कक्ष, घ कार्य कक्ष तथा क, ग आलोक रहित कक्ष हुन्। डा. अल्फा, विटा, ओमेगा र मानव निर्मित निमाहरू १, २, ३, ४ लाई यन्त्र मानव पात्रका रुपमा उभ्याएर नाटकको विषय वस्तु अगाडि बढाइएको छ। डा. अल्फा नेपाल सरकारले उपहार स्वरुप दिएको अन्तरिक्षको ॐ वेधशालामा आफ्नो परिवारसँग बसेका हुन्छन् भने आफ्ना सहयोगी निमाहरूसित खगोलीय पिण्डहरूको अध्ययनमा व्यस्त बनेका छन् । वैज्ञानिक खोजमा क्रियाशील भएका डा. अल्फालाई खाना खानेसमेत फुर्सद छैन । उनकी पत्नी विटा आफ्नो लोग्नेको यन्त्रवत खोजदेखि दिक्क भएकी छिन्। उनलाई अन्तरिक्ष लोकको जीवन अत्यास लाग्दो बनेको छ । त्यसैले विटा आफ्नो माइती देश नेपाल जान चाहान्छिन् । डा. अल्फाको लामो वैज्ञानिक अनुसन्धानले एक अज्ञात तरङ्ग पत्ता लाग्छ । उक्त तरङ्गले विश्वलाई नै तहसनहस बनाउँछ भन्ने समाचार टेलिभिजनबाट प्रसारण हुन्छ। पृथ्वी एक राष्ट्र हो भन्ने सिद्धान्तका प्रतिपादक इन्फिनिटी यस समाचारबाट दुःखी हुन्छन्। पृथ्वीवासी मानवहरू प्रतिरक्षात्मक कार्यमा लाग्ने हो भने उक्त तरङ्गलाई रोक्न सक्ने कुरा निमा १ ले बताउँछ । निमाहरू सत्यकुरा लुकाउँदैनन् । यसले गर्दा डा.अल्फा दोधारमा पर्छन्। निमा २ र ३ को विचमा डा.अल्फाले निमा १ को सहयोगमा तटस्थ ब्रम्हाण्डको अस्तित्त्व पत्ता लगाएका हुन्छन्। निमा ४ ओमेगासँग खेल्न रुचाउँछ। डा.अल्फा र निमा ४ बिच गलत सम्बन्ध छ भन्ने कुरा विटाले गर्छिन्। तर निमा ४ ले यो सत्य होइन भन्दा पनि विटा विस्वस्त छैनन्। त्यसैले निमा ४ ले आफूलाई कुरुप पारेको छ। त्यसपछि डा.अल्फाले निमा २, ३ र ४ लाई विदा दिएर निमा १ सँग मिलेर पृथ्वीवासीहरूको खतरा टार्न खोज्छन्। तर निमा १ झुटो नबोल्ने भएकाले डा.अल्फा अन्यौलमा पर्छन्। डा.अल्फाको भावना बुझेर निमा १ पृथ्वी एकीकरणका लागि आफूलाई बलिदान गर्न प्रकोष्ठ 'घ' तिर लाग्छ। त्यसैबेला निमा १ को असाधारण आवाज सुनिन्छ र टाउकाको माथिल्लो भाग नष्ट हुन्छ। निमा १ प्रकोष्ठ 'ख' को मध्यभागमा पछारिएर नाटकको अन्त्य हुन्छ। यसरी शस्त्रअस्त्रका होडबाजिमा जुटेका पृथ्वीका देशहरूमा कुनै बाह्य लोकद्वारा अप्रत्यासित आक्रमणको सम्भावना व्यक्त भएको विषय नै यस नाटकको केन्द्रीय पक्ष हो। यो नाटक पृथ्वीमा मौलाउँदै गएको नाभिकीय शक्ति र त्यसका कारण उत्पन्न भएको ब्रम्हाण्डीय सङ्कटका विषयमा केन्द्रित छ। प्रत्येक देशले आफ्नो शक्तिको प्रतिस्पर्धालाई प्राथमिकतामा राखेका छन्। तिनीहरू बिचमा द्वन्द्व चल्दै छ। त्यसैले यसको अन्त्यका लागि प्रतिपदार्थ र प्रतिब्रम्हाण्डहरू किन युद्धको विभिषिकामा लागेका छैनन भन्ने विषयको रहस्य खोज्नु नै यस नाटकको मुख्य विषय वस्तु हो। त्यसैका अन्त्यका लागि डा.अल्फा रातदिन अनुसन्धानमा तल्लिन छन् । झगडालु ब्रम्हाण्डहरूको बिचको सम्बन्धलाई बुझ्न डा.अल्फा अन्तरिक्षमा गएर ग्रहहरूको अनुसन्धान गर्न व्यस्त बनेका छन्। कथावस्तु नाटकलाई गतिशीलता प्रदान गराउने एक प्रमख तत्त्व हो। निमावीय नाटकको कथावस्तु आदि, मध्य र अन्त्यको घटनाक्रममा आवद्ध छ। स्वैरकल्पनामा आधारित यस नाटकको कथावस्तु द्वन्द्व र कौतुहलताले रोमाञ्च बनेको छ । संवादसँग जोडिएर आउने घटना र त्यसको पूर्वापार सम्बन्धमा जोडिएको बस्तु सङ्गठन नै कथावस्तु हो । पदार्थका ठाउँमा प्रतिपदार्थ, ब्रम्हाण्डका ठाउँमा प्रतिब्रम्हाण्ड र मानवका ठाउँमा मानव निर्मित मानव निमाहरूको प्रसङ्ग र विषयको समायोजन गराएर यस नाटकको कथावस्तु अगाडि बढाएकाले नयाँ प्राकृतिक मानव जीवन, तिनको प्राकृतिक सभ्यता, शरीर रचना प्रक्रिया र शारीरिक जैविक प्रक्रियामा नवीनता प्रयोग भएको कारणले गर्दा नै यस नाटकको विषय वस्तुका तहमा पूर्ण रुपले विज्ञानपरकता पाइन्छ।

### पात्रका तहमा विज्ञानपरकता

नाटकलाई गतिशीलता प्रदान गराउन पात्रहरूको अति नै महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । यो विज्ञान विषयक नाटक भएकाले पात्रहरू पनि सोही अनुकुल नाटककारले चयन गरेका छन्। यस नाटकमा डा. अल्फा, विटा, ओमेगा, निमा १, २, ३ र ४ गरी जम्मा सातजना पात्रहरू समावेश गरिएको छ। डा. अल्फा महान् अन्तरिक्ष वैज्ञानिक हुन भने विटा अल्फाकी श्रीमती तथा ओमेगा अल्फा र विटाकी छोरी हुन् । त्यसै गरी निमा १, २, ३ र ४ मानव निर्मित मानवका रुपमा उपस्थित भएका छन्। यी सबै पात्रहरूमा आफ्ना निजी जैविक गुण र अवगुणको सङ्केतका निम्ति प्रयुक्त छन्। नाटककारले पात्रहरूको नामाकरण सामाजिक जीवनका आस्था र विश्वासभन्दा विज्ञानको प्रगतिका कारण

उत्पन्न भएका नवीन शब्दबाट चयन गरेका छन्। अल्फा र विटा गणितका एकाइ हुन भने ओमेगा उर्जाको एकाइ हो । त्यसैगरी निमा १, २, ३ र ४ नयाँ आविष्कारबाट निर्मित मानव हुन्। त्यसैले यी सबै पात्रहरू विज्ञान सम्वत् छन् । निमाहरूले प्राकृतिक जगत्का मानवहरूको मर्यादाभन्दा फरक प्रकारको मर्यादा पालना गरेका हुन् किन भने उनीहरू मानवद्वारा सञ्चालित छन्। डा. अल्फा यस नाटकको प्रमख पुरुष पात्र हो । ऊ यन्त्रवत जीवन बाँचिरहेको छ। उसले सम्पूर्ण समय वैज्ञानिक खोज तथा अनुसन्धानमा खर्चेको देखिन्छ। विटा अल्फाकी श्रीमती हुन्। डा. अल्फाले समय नदिएकोमा विटालाई ठुलो गुनासो लागेको छ। डा. अल्फाको यन्त्र मोहप्रति उनको वितृष्णा फैलिएको छ। त्यसैले विटा पृथ्वी लोकमा तथा मानव समाजमा बस्न चाहन्छिन्। निमा ४ मा नारीसुलभ गुण पाइने भएकाले अल्फा र निमा ४ को सम्बन्धलाई विटा तिरस्कार गर्छिन्। तर यस नाटकका पात्रहरूमा जैविक गुणभन्दा बढी यान्त्रिक गुणहरू रहेका छन्। मान, सम्मान, संवाद, आदर र सत्कारका तहमा आउने औपचारिकताको कारण पात्रहरू प्राकृतिक मानव समाजबाट नभई विज्ञापनपरक धरातलबाट लिइएको पाइन्छ । निमा १, २, ३ र ४ मानवद्वारा निर्मित यन्त्र मानव हुन्। उनीहरू मानिसको इसारामा चलेका छन्। निमाहरू प्राकृतिक मानव जगत्का प्रतिनिधिभन्दा औजारहरूका रुपमा उपस्थित भएका छन् किनभने उद्योग तथा कलकारखामा कुनै पनि सामग्री उत्पादन गर्ने क्षमता भए झैं ती निमाहरूमा पनि केही न केही काम गर्ने शक्ति प्रदान गरिएको छ। निमाहरूको शरीरमा जडान गरिएका उपकरणले तोकेभन्दा बढी काम गर्ने क्षमता पाइँदैन । मानवीय क्रोमोजोमका संयोजनहरूद्वारा निर्माण नभएका कारणले पनि निमाहरू मानवले जस्तो हाँस्ने, बोल्ने र मानवीय स्वभाव प्रकट गर्न सक्दैनन्। यिनै विविध कारणले गर्दा यस नाटकका पात्रहरु प्राकृतिक मानव जीवनका नभई यान्त्रिक जगत्का उपज हुन्। त्यसैले परम्परागत नाटकका पात्रहरूभन्दा यी पात्रहरू भिन्न प्रकृतिका छन्। यही कारणले गर्दा निमावीय नाटकको पात्रका तहमा पूर्ण रुपले विज्ञापरकता पाइन्छ।

**परिवेशका तहमा विज्ञानपरकता**

नाटकमा परिवेशको पनि अत्यन्त महत्वपूर्ण भूमिका रहेको हुन्छ । नाटकमा विभिन्न घटनाहरू रङ्गमञ्चमा अभिनय गरेर मानवीय जीवनको यथार्थता प्रदर्शन गरिन्छ। नाटकीय घटना कुनै न कुनै स्थान, समय र परिस्थितिबीच घटेका हुन्छन्। यही घटना घट्ने भौतिक र मानसिक आधार भूमि नै परिवेश हो । परम्परागत नाटकमा प्राकृतिक तथा मानवीय समाज र जीवनका अनेक पक्षलाई परिवेशका तहमा वर्णन गरिएको पाइन्छ तर यो विज्ञान विषयक नाटक भएकाले परम्परालाई तोड्दै भिन्न परिवेशको निर्माण गरिएको छ। यसमा भौतिक र आध्यात्मिक दुवै जगत्को झल्को दिने शून्यलोकको परिवेश पाइन्छ। अन्धकारमय ॐ वेधशालामा ताराहरूको नदी देखापर्छ, जुन यस धर्तीमा त्यो स्थान छैन । अन्तरिक्षको यही ॐ वेधशालामा नै नाटकका सम्पूर्ण घटनाहरू घटेका छन्। यसमा वैज्ञानिक खोज, यन्त्रवत जीवन र निमाहरू विभिन्न काममा सक्रिय भएका छन् भने खतराजन्य वैज्ञानिक आविष्कार र त्यसले पृथ्वीलोकलाई तहसनहस पार्ने चर्चा तथा भरपर्दा सहयोगी निमाहरूलाई परित्याग नै गर्न नसकिने यान्त्रिक युग र जीवनको परिवेश पनि यसमा आएको छ। यस नाटकको समाज अन्तरक्षेत्रीय रहेको छ । डा.अल्फा अन्तरिक्षमा अनुसन्धान गर्ने अन्तरिक्ष वैज्ञानिक हुन् भने उनले पृथ्वीवासीमा हुन सक्ने संभावित आक्रमणको परिश्रमपूर्वक अध्ययन गरिरहेका छन् । त्यस अध्ययनमा उनलाई निमा १, २, ३ र ४ ले पूर्ण रुपमा सहयोग गरिरहेका छन् । अनेकौं सामाजिक तिरस्कार र लान्छनाका कारण महान् वैज्ञानिक इन्फिनिटीको मृत्यु भएको छ भने डा. अल्फा शोकमा डुबेका छन् । पृथ्वीवासीहरू शस्त्रहरूको होडबाजिमा लागेर पृथ्वीलाई नै ध्वस्त पार्न अघि सरेका छन्। यस खतराबाट मुक्त गराउन डा. अल्फा लागि परेका छन् । निमा ४ ले प्राकृतिक महिलाको जस्तै शारीरिक जैविक पक्षको रुप धारण गरेकाले विटा र निमा ४ का विचमा वैमनष्य उत्पन्न भएको छ। यस नाटकका सबै क्रियाकलापहरू पृथ्वीभन्दा बाहिरको अन्तरिक्ष लोक अन्तर्गत ॐ वेधशालाको प्रकोष्ठ क, ख, ग, घ मा भएका छन्। विभिन्न आकाशीय पिण्ड र तिनका गतिविधि पृथ्वीतर्फ आइरहेको कुरा डा. अल्फाले थाहा पाउँछन् । अन्तरिक्षको वस्तुस्थिति खोजी गर्ने काम डा. अल्फाले त्यही बसेर गरेका छन्। त्यसैले यस नाटकको परिवेश प्राकृतिक, भौगोलिक र मानव समाजको नभई अन्तरिक्ष लोकको रहेको छ। यसले परम्परागत नाट्य परिवेशलाई तोड्दै नाटकका क्षेत्रमा नवीन आयाम सृजना गरेको हुनाले यस नाटकको परिवेशमा पनि पूर्ण रुपले विज्ञानपरकता पाइन्छ।

**रङ्गमञ्चका तहमा विज्ञानपरकता**

नाटक पठ्य र श्रव्य भन्दा पनि मूलत दृष्य काव्य हो । त्यसैले नाटकको विधागत पहिचान र मौलिकतालाई रङ्गमञ्चले अगाडि बढाएको हुन्छ । परम्परागत नाट्य मान्यताले समाज अनुरुपको यथार्थता, जीवनता, आदर्शता र समय सापेक्ष किसिमको रङ्ग मञ्चीयताको अपेक्षा गरेको हुन्छ। तर निमावीय विज्ञान विषयक नाटक भएकोले त्यस्ता शास्त्रीय मान्यतामा रङ्गमञ्चीयताहरूको माग गरेको छैन । यस नाटकले रङ्गमञ्चका तहमा अन्तरिक्षको ॐ वेधशालालाई चयन गरेको छ। उक्त वेधशालाको प्रकोष्ठ क, ख, ग, घ मा नै नाटकको सबै क्रियाकलापहरू भएका छन् । ॐ वेधशालाको पृष्ठ प्रदेशमा ताराहरूको नदी देखाएर मेगालेनिक बादलको कल्पना गरेका कारणले पनि यस नाटकको रङ्गमञ्च मानवीय लोकभन्दा पर शून्यलोकमा अवस्थित छ भन्ने कुरा प्रमाणित हुन्छ । ॐ वेधशालाका चार प्रकोष्ठहरूलाई क्रमशः प्रकोष्ठ 'ख' वैठककक्ष 'घ' कार्यकक्ष तथा 'क' र 'ग' लाई आलोकरहित भनेर रङ्गमञ्च विधान विभाजन गरिएको छ। त्यसैगरी ॐ वेधशालालाई दुईतले घरका रुपमा चित्रण गर्दै प्रकोष्ठ 'क' र 'ख' लाई तल्लो तला र प्रकोष्ठ 'ग' र 'घ' लाई माथिल्लो तला भनेर वर्गीकरण गरिएको छ । त्यसैगरी प्रकोष्ठ 'ख' र 'ग' का विचमा सानो घुमाउरो भऱ्याङ्को चित्रण गरी नवीन परिवेशमा नवीन प्रकृतिकै रङ्गमञ्चको स्वरुप निर्धारण गर्दै नाटकलाई विज्ञानपरकतामा समावेश गरिएको पाइन्छ । मानव जीवनका विविध पक्षसँग सम्बन्धित विषय र पदार्थको चयन नगरी व्योमलोकको शून्यतालाई रङ्गमञ्च विधान अन्तर्गत चयन गरेकाले यस नाटकको रङ्गमञ्चीय धरातल पृथ्वीलोकभन्दा पर अन्तरिक्षलोकसँग पूर्ण रुपले सम्बन्धित रहेको छ । यसरी नाटककारले यस नाटकमा बौद्धिकतापूर्वक नयाँ बान्की प्रस्तुत गर्दै रङ्गमञ्च विधानका तहमा पनि विज्ञानपरकतालाई पूर्णरुपले समावेश गराएका छन्। पृथ्वीलोकभन्दा बाहिरको दृश्यलाई कलात्मक ढङ्गले प्रस्तुछ गर्नु नै विज्ञानपरकता नाटकको विशेषता हो । उनले परम्परागत नाट्य मान्यतालाई तोड्दै नाटकको रङ्गमञ्चका तहमा पनि नवीनता ल्याएका छन् । यो नै नाटकमा देखिएको प्रयोगशीलता हो। यस नाटकमा विज्ञान विषय सुहाँदो कथावस्तु चयन गर्दै रङ्गमञ्चको योजना निर्धारण गरिएकाले नाटकको रङ्गमञ्चका तहमा पनि विज्ञानपरकता पाइन्छ।

## निष्कर्ष

निमावीय विज्ञानलाई मुख्य विषयवस्तु बनाएर लेखिएको एक उत्कृष्ट विज्ञान नाटक हो । यस नाटकमा विज्ञानको चरम उन्नतिलाई प्रस्तुत गरिएको छ भने त्यसले भावी दिनहरूमा सङ्कट निम्त्याउन सक्ने खतरातर्फ पनि सचेत गराइएको छ । स्वैरकल्पनामा आधारित यस नाटकको कथावस्तु द्वन्द्व र कौतुहलताले पनि रोचक बनेको छ। खासगरी अल्फा र विटा तथा अन्तरिक्ष लोक र पृथ्वी लोक सम्बन्धीको द्वन्द्वलाई कलात्मक ढङ्गले व्यक्त गरिएको छ। यस नाटकमा आजको यान्त्रिक बनेको जीवन पद्धतिलाई यथार्थ रुपमा चित्रण गर्दै विज्ञानको उपलब्धिलाई सकरात्मक रुपमा प्रस्तुत गरिएकाले मूलतः विज्ञानको प्रयोग मानव हितमा हुनुपर्छ भन्ने सन्देश प्रवाह भएको पाइन्छ । यो विज्ञानपरकतामा आधारित नाटक भएकाले यसको विषयवस्तुलाई मानव समाजकोभन्दा अन्तरिक्ष समाजलाई बढी महत्त्व दिइएको छ । त्यसैले प्राकृतिक मानव जीवन र जगत्का विषयलाई भन्दा अन्तरिक्ष जगत्का विभिन्न आकाशीय पिण्डहरूलाई विषय वस्तुका रुपमा मुख्य स्थान दिएको पाइन्छ । यो विषयवस्तु मानव समाजभन्दा नवीन प्रकारको छ । त्यसैगरी यस नाटकको परिवेश पनि भिन्न प्रकारको छ किनभने यसका सम्पूर्ण घटनाहरू अन्तरिक्ष लोकको ॐ वेधशालाको प्रकोष्ठ क, ख, ग, घ मा नै घटेका छन् । त्यसैगरी पात्रहरू पनि मानव समाजका भन्दा भिन्न प्रकारले चयन गरिको छ। मानव निर्मित मानव निमा १, २, ३ र ४ रोबर्टहरूलाई तथा गणितीय एकाई बुझाउने विटा र अल्फालाई पात्रका रुपमा प्रयोग गर्नुले पनि यस नाटकले शास्त्रीय मान्यता तोड्दै नाटकका क्षेत्रमा प्रयोगशीलता समावेश भएको छ। यिनै विभिन्न कारणले गर्दा नै यो नाटक विज्ञानपरकतामा पूर्ण रुपले आबद्ध भएको पाइन्छ।

## सन्दर्भ सामग्री सूची


आचार्य, व्रतराज (२०६६), *आधुनिक नेपाली नाटक,* काठमाडौं : साझा प्रकाशन।

उपाध्याय, केशवप्रसाद (२०५९), *नेपाली नाटक तथा रङ्गमञ्च उद्‌भव र विकास,* काठमाडौंः विद्यार्थी पुस्तक भण्डार ।

उपाध्याय, केशवप्रसाद (२०६०), नाटकको अध्ययन, (दोस्रो संस्क.), काठमाडौँ : साझा प्रकाशन ।

उपाध्याय, केशवप्रसाद (२०६१), *नेपाली नाटक र नाटककार,* काठमाडौँ : साझा प्रकाशन ।

उप्रेती, सञ्जीव (२०६९), *सिद्धान्तका कुरा,* (चौथो संस्क), काठमाडौँ : अक्षर क्रियसन्स ।

एटम, नेत्र (२०७०), *नेपाली डायस्पोरा र अन्य समालोचना,* काठमाडौँ : एकता बुक्स डिष्ट्रिव्युटर्स प्रा.लि. ।

कँडेल, घनश्याम (२०५६/५७), *नाटक शिक्षण, वाङ्मय* (वर्ष ८, पूर्णाङ्क ९), काठमाडौँ : नेपाली केन्द्रीय विभाग, कीर्तिपुर ।

ढकाल, दीपकप्रसाद (२०७०), *शब्द संयोजन,* (वर्ष १०, अङ्क २, पूर्णाङ्क १०९), काठमाडौँ : लुम्बिनी प्रिन्टिङ एन्ड पब्लिकेशन प्रा.लि. ।

पराजुली, राजेन्द्र र विप्लव ढकाल (२०५४), *समकालीन नेपाली नाटक,* (सम्पा), काठमाडौँ : तन्नेरी प्रकाशन ।

पोखरेल, रामचन्द्र (२०६२), *नेपाली नाटक सिद्धान्त र समीक्षा,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

प्रधान, हृदयचन्द्र (२०४९), *केही नेपाली नाटक,* ललितपुर : साझा प्रकाशन ।

मल्ल, विजयबहादुर (२०३६), *नाटक एक चर्चा,* काठमाडौँः ने.रा.प्र.प्र. ।

शर्मा, मोहनराज (२०६३), *समकालीन समालोचना सिद्धान्त र प्रयोग,* काठमाडौँ : अक्सफोर्ड इन्टरनेशनल पब्लिकेशन ।

शर्मा, मोहनराज र खगेन्द्र लुइँटेल (२०६३), *नेपाली कविता नाटक र इतिहास,* काठमाडौँ : नवीन प्रकाशन ।

शर्मा, विन्दु (२०७५), नेपाली समालोचनाका नवीन आयाम, काठमाडौँ : तन्नेरी प्रकाशन ।

शर्मा, शरदचन्द्र ( २०३७), *नेपाली साहित्यको इतिहास,* काठमाडौँ : पाठ्यक्रम विकास केन्द्र त्रि.वि ।

श्रेष्ठ, कृष्णप्रकाश (२०६४), *नेपाली समालोचक र समालोचना,* (दोस्रो संस्क), ललितपुर : साझा प्रकाशन ।

श्रेष्ठ, दयाराम र मोहनराज शर्मा (२०६४), *नेपाली साहित्यको संक्षिप्त इतिहास,* (नवौँ संस्क), काठमाडौँ : साझा प्रकाशन ।

श्रेष्ठ, सरुभक्त (२०५५), *निमावीय नाटक,* ललितपुर साझा प्रकाशन ।

सुवेदी, राजेन्द्र र कृष्ण गौतम (२०६८), *रत्न वृहत नेपाली समालोचना,* काठमाडौँ : रत्न पुस्तक भण्डार ।